त्रिवेणी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

लुहाम, सल्यान

कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०८ संख्याः ०३ मितिः २०८१/०५/३१

भाग-२

**त्रिवेणी गाउँपालिका**

## ईन्जिनियरिङ सेवामा कार्यरत कर्मचारीहरुको फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :**

गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजना स्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न वान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँकार्यपालिकाले यो ईन्जिनियरिङ सेवातर्फका प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि,२०८१ जारी गरेको छ ।



CS CamScanner

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस कार्यविधिको नाम ईन्जिनियरिङ सेवातर्फका "प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि,२०८१" रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अनुगमन समिति" भन्नाले त्रिवेणी गाउँकार्यपालिकाले गठन गरेको अनुगमन समिति सम्झनु पर्दछ।

ख) योजना भन्नाले त्रिवेणी गाउँकार्यपालिका भित्र संञ्चालित योजनाहरु बझ्नुपर्नेछ।

ग) "कार्यालय" भन्नाले त्रिवेणी गाउँकार्यपालिकाले कार्यालय सम्झिनु पर्दछ।

घ) "समिति" भन्नाले उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ।

ङ) प्राविधिक कर्मचारी भन्नाले ईन्जिनियर,सब ईन्जिनियर,अस्सिटेन्ट सब ईन्जिनियर र अमिन, योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी सम्झनुपर्दछ।

३. **फिल्डमा प्राविधिकले गर्नुपर्ने कामकाजः**

यस कार्यविधि बमोजिम योजनाको लगत ईस्टिमेट तयार गर्न, रनिङ बिल तयार गर्न, अनुगमन गर्न, कार्यसम्पादन स्तर जाँच गर्न वा नापि किताब तयार पार्न वा कार्यसम्पन्न प्रतिवेदन तयार गर्न वा योजना सम्पन्न भैसके पश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई अनुगमन गर्नुपर्ने।

४. **फिल्ड भत्ताः**

फिल्ड भत्ता दावि गर्ने प्राविधिकले दैनिक रुपमा कर्मचारीले महिनामा कम्तिमा १५ दिन फिल्डमा काम गरेको हुनुपर्ने र अन्य बाँकी दिन कार्यालयमा रुजु हाजिर भएको हुनुपर्ने।

५. **प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) दफा ३ मा उल्लेखित मध्ये जुन योजनाका लागि जुन काममा खटिई गएको हो सो कामको नियमानुसारको प्रतिवेदन फिल्डबाट फर्किएको ३० दिनभित्र तयार गरी गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

६. **योजनागत फिल्ट भ्रमण फाँटवारी तयार गर्नुपर्नेः**

प्राविधिक कर्मचारीले अघिल्लो महिनामा योजना अनुगमन तथा भ्रमण प्रतिवेदन अर्को महिनाको सात गतेभित्र अनसूची (१) को ढाँचामा मासिक फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्ने छ।



७. **असुलउपर गरिने :**

यस कार्यविधि विपरित बढी फिल्ड सुविधा उपभोग गरेको वा दफा (५) बमोजिमको समयमा प्रतिवेदन पेश नगरेको वा यस कार्यविधि बमोजिमको प्रकृया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भए बराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

८. **फिल्ड सुविधा :**

(१) दफा (५) बमोजिम प्रतिवेदन स्विकृत भैसकेपछि प्राविधिक कर्मचारीहरू मध्ये इन्जिनियरले खाईपाई आएको तलब स्केलको ३५ र अन्य प्राविधिक कर्मचारीहरुलाई ३० प्रतिशत बराबरको फिल्ड भत्ता उपलब्ध गराईनेछ।

(२) प्राविधिक कर्मचारीले आफले महिनाभरमा काम गरेको प्राविधिक प्रतिवेदन तथा यस कार्यविधि बमोजिम तयार गरी पेश गर्नुपर्ने कार्यविधिहरु अनुसुची (१) को निर्दिष्ट ढाँचामा भरी अर्को महिनाको सात गतेभित्र पेश गरेपछि मात्रै भुक्तानी दिन सकिनेछ।

(३) यसरी उपलब्ध गराईने फिल्ड भत्ता रकमको सम्पुर्ण स्रोतका रुपमा त्रिवेणी गाउँपालिकाको गाउँसभाबाट पारित भएको योजनाहरुको कन्टिन्जेन्सी वापतको शिर्षकबाट मात्र भुक्तानी गरिने छ।

९. **असल नियतले गरेका काम बचाऊः**

यस कार्यविधि बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामका सम्बन्धमा प्राविधिक कर्मचारी, जनप्रतिनिधि वा अनुगमन टोलिका संयोजक तथा सदस्यहरु उपर कुनै कारवाही हुने छैन।

१०. **प्रचलित कानुन बमोजिम हुनेः** (क) यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन।

११. **बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा अनुगमन समितिको बैठकबाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न गाउँ कार्यपालिकामा पठाईनेछ।

१२. **संशोधनः**

यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रहि त्रिवेणी गाउँकार्यपालिकाको हुनेछ।

## अनुसूची १
### दफा ६ सँग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
त्रिवेणी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सल्यान ।

**विषय :- मासिक फिल्ड भ्रमण फाँटवारी ।**

मितिः ...................... मा यस गाउँपालिका अन्तर्गतका निम्न वडाका यो जनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरिएको व्यहोरा अनुरोध छ

| सि. न. | फिल्ड भ्रमण गरेको वडा नं. र ठाउँ | योजनाको नाम | मिति | उद्देश्य | प्रतिवेदन पेश गरे/नगरेको | शाखा प्रमुखको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पेश गर्ने
नाम थर
दर्जा
हस्ताक्षर

सिफारिस गर्ने
नाम थर
दर्जा
हस्ताक्षर